स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



जेठको ९ गतेबाट रिलिजमा आउन लागेको फिल्म 'नरसिंहा: अवतार'को दोस्रो गीत 'मेरी प्यारी छोरी' सार्वजनिक भएको छ। मुक्त उदासको शब्द रहेको गीतमा अर्जुन पोखरेलको सङ्गीत छ। सार्वजनिक गीतले बाबु र छोरीबिचको प्रेम प्रस्तुत गरेको छ। सार्वजनिक गीतको भिडियोमा नायक राजेश हमाल, नायिका नीति शाह र बाल-कलाकार एल्भिना खड्कालाई फिचरिङ गरिएको छ।

आजको विचार...



गतिशील.... (दुई पेजमा)

सञ्जय साह मित्र



निर्देशक निश्चल बस्नेतको परिचयको आयाम फराकिलो छ। निर्देशनसंगै अभिनय र गायनमा पनि आफूलाई प्रमाणित गरिसकेका उनले अब संगीतकारको रुपमा अर्को परिचय थपेका छन्। भोलि शुक्रबारबाट प्रदर्शन हुन लागेको फिल्म 'के घर के डेरा: घर नं २'को 'ढङ्ग देउता भयो' बोलको गीतमार्फत् उनले संगीत निर्देशनमा डेब्यु गरेका हुन्। यो गीत बिहीबार सार्वजनिक गरिएको छ। गीतमा उपन्यासकार बुद्धिसागरको शब्द रचना छ। उनले फिल्मका लागि लेखेको यो पहिलो गीत हो।

❒ वर्ष ३० ❒ अंक २९१ ❒ २०८२ जेठ ३ गते शनिबार 17 May 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# देशका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा सात जनाको मृत्यु

**हाम्रा संवाददाता**

**पाल्पा,** जेठ २/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवा'री दुर्घटनामा सात जनाको मृत्यु भएको छ । केन्द्रीय प्रह'री समाचा'र कक्षका अनुसा'र रुपन्देही, कपिलवस्तु, बर्दिया, मो'रङ, स'राहा लगायतका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवा'री दुर्घटनामा सात जनाको मृत्यु भएको हो ।

रूपन्देहीको लुम्बिनी सांस्कृतिक नग'रपालिका-६ लोखडियास्थित सडकमा का'र एकआपसमा ठक्क'र खाई दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । लु.१ ज ४७२० नम्ब'रको पिकअप 'र यूपी ५३ डीएक्स ५२१४ नम्ब'रको का'र एकआपसमा ठक्क'र खाई दुर्घटना हुँदा का'रमा सवा'र भा'रत सिद्धार्थनग'र ग्राम शिवपति नग'र बस्ने ३७ वर्षीय कृष्ण चन्द्र मौर्य 'र पिकअपमा सवा'र मायादेवी गाउँपालिका-४ सेम'री बस्ने २२ वर्षीय 'राहुल पाण्डेको मृत्यु भएको केन्द्रीय प्रह'री समाचा'र कक्षले जनाएको छ । दुर्घटनामा गम्भी'र घाइते भएका उनीहरूको भीम अस्पताल भै'रहवामा उपचा'रको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका का'र चालक समेत का'रमा सवा'र २ जना 'र पिकअपमा सवा'र २ जनाको मेडिकल कलेज भै'रहवा तथा पिकअपमा सवा'र १ जनाको स्थानीय लाईफ केय'र अस्पताल लुम्बिनीमा उपचा'र भइ'रहेको छ । यस्तै कपिलवस्तुको बुद्धभूमि नग'रपालिका-१ बसन्तपु'रस्थित सडकमा का'रको ठक्क'रबाट दुई जना पैदलयात्रीहरू मृत्यु भएको छ । बीएबी ९५९९ नम्ब'रको का'रको ठक्क'रबाट सोही ठाउँकी ६० वर्षीया शान्ता खत्री 'र ६० वर्षीया तिल कुमा'री 'रायमाझीको शुक्रबा'र बिहान मृत्यु भएको छ । ठक्क'रबाट गम्भी'र घाइते भएका उनीहरूको जिल्ला अस्पताल तौलिहवामा उपचा'रको क्रममा मृत्यु भएको हो । का'र चालकलाई प्रह'रीले नियन्त्रणमा लिएको छ । यस्तै मो'रङको उर्लाबा'री नग'रपालिका-३ पु'रानो मंगलबा'रेस्थित सडकमा मोट'रसाइकललाई ट्याङ्क'रले ठक्क'र दिँदा एक जनाको मृत्यु भएको छ । ग.६ प ५०२६ नम्ब'रको मोट'रसाइकललाई ना.५ ख २१८७ नम्ब'रको ट्याङ्क'रले ठक्क'र दिँदा मोट'रसाइकल चालक झापा दमक नग'रपालिका-९ बस्ने ३६ वर्षीय मन कुमा'र लिम्बुको मृत्यु भएको छ । दुर्घटनामा गम्भी'र घाइते भएका उनको बिएण्डसि अस्पताल बिर्तामोडमा थप उपचा'रको क्रममा मृत्यु भएको हो । ट्याङक'र चालकलाई प्रह'रीले नियन्त्रणमा लिएको छ । यस्तै बर्दियाको गेरूवा गाउँपालिका-५ झबहीस्थित सडकमा मोट'रसाइकलको ठक्क'रबाट पैदलयात्री मृत्यु भएको छ । से.२ प ५१७१ नम्ब'रको मोट'रसाइकलको ठक्क'रबाट पैदलयात्री सोही ठाउँकी ७५ वर्षीया चुलादेवी थारूको मृत्यु भएको छ । ठक्क'रबाट गम्भी'र घाइते भएकी उनको प्राथमिक स्वास्थ्य केन्द्र 'राजापु'रमा उपचा'रको क्रममा मृत्यु भएको हो । मोट'रसाइकल चालकलाई प्रह'रीले नियन्त्रणमा लिएको छ ।

यस्तै स'राहाको धनगढीमाई नग'रपालिका-११ छप'रा'री चोकस्थित सडकमा मोट'रसाइकलको ठकक'रबाट एक साइकलयात्रीको मृत्यु भएको छ । स.९ प ८६४० नम्ब'रको मोट'रसाइकलको ठकक'रबाट साइकलयात्री सोही नग'रपालिका-३ बेनौली बस्ने ६५ वर्षीय गेमिलाल यादवको मृत्यु भएको छ । दुर्घटनामा गम्भी'र घाइते भएका उनको प्रादेशिक अस्पताल लहानमा उपचा'रको क्रममा मृत्यु भएको हो । मोट'रसाइकल चालकलाई प्रह'रीले नियन्त्रणमा लिएको छ ।



## संक्षिप्त समाचार

### इजरायली आक्रमणमा ५० को मृत्यु

**(रासस/एएफपी)**

**गाजा,** जेठ २/गाजाको नागरिक सुरक्षा एजेन्सीले शुक्रबार मध्यरातदेखि प्यालेस्टिनी क्षेत्रमा इजरायली आक्रमणमा ५० जनाको मृत्यु भएको बताएको छ । 'उत्तरी गाजा पट्टीमा नागरिक घरहरूलाई लक्षित गरेर गरिएको इजरायली गोलाबारीमा मध्यरातदेखि शुक्रबार बिहानसम्ममा मृतकको सङ्ख्या बढेर ५० पुगेको छ । उत्तरी सहर बेइत लाहियास्थित इन्डोनेसियाली अस्पतालका एक चिकित्सकले अधिकांश बालबालिका र महिलासहित ३० मृतक र दर्जनौँ घाइतेलाई अस्पतालमा ल्याइएको बताए । जबालियाको अल-अवदा अस्पतालका कार्यवाहक निर्देशक मोहम्मद सालेहका अनुसार अस्पतालमा बमबारीले पाँच जनाको मृत्यु भएको छ भने '७५ भन्दा बढी घाइते' भएका छन् । 'इजरायली कब्जाकारीहरूले मेरो घर नजिकैको घरमा बम हाने, यसका बासिन्दाहरू भित्र हुँदा सिधै प्रहार गरे', बेइत लाहियाको पश्चिमी अल-सलातिन क्षेत्रका ४० वर्षीय युसुफ अल-सुल्तानले 'हवाई आक्रमण, तोपखाना गोलाबारी र क्वाडकप्टर ड्रोनहरूबाट गोलीबारी' को रिपोर्ट गर्दै भने, 'नागरिकहरू बीच ठूलो विस्थापनको लहर छ ।

## हावाहुरीका कारण रुख ढल्दा २ जनाको मृत्यु



**परासी,** जेठ २ /पश्चिम नवलपरासीको सुनवल नगरपालिका-७ चारपालामा रुखले च्यापिएर दुई जनाको मृत्यु भएको छ । शुक्रबार दिउँसो आएको पानीसहितको हावाहुरीका कारण रुख ढल्दा दुई जनाको मृत्यु भएको हो । घटनामा तीनको अवस्था गम्भीर छ ।

मृत्यु हुनेमा ३० वर्षीय मिरा बयम्बु र ४० वर्षीय दुर्गाबहादुर पुन रहेका छन् । गम्भीर घाइते हुनेमा ४० वर्षीय नरमती परियार, ५१ वर्षीय दुर्गेश्वर खाम्चा मगर र २२ वर्षीय अनिल थापा रहेका छन् । उनीहरू सबै सुनवल नगरपालिका-७ ज्यामिरेका हुन् । गम्भीर अवस्थामा रहेका घाइते सबैको देवदह मेडिकल कलेजमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

दिउँसो साढे ४ बजे पानीसहित आएको हावाहुरीबाट जोगिन उनीहरू सुनवल नगरपालिका-७ स्थित प्रतीक्षालयमा बसेका थिए । हावाहुरीका कारण नजिकै रहेको रुख प्रतीक्षालयमा ढल्न पुगेको थियो । कमजोर अवस्थामा रहेको प्रतीक्षालयको छत खस्न पुग्दा च्यापिएर उनीहरूको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## रामपुरका महिलालाई पोते, माला र चुरा बनाउने तालिम

**पाल्पा,** जेठ २/जिल्लाको रामपुर नगरपालिकाले महिलाहरुलाई पोते माला तथा चुरा बनाउने तालिम दिइएको छ । नगरपालिकाले यहाँका महिलाहरुलाई उद्यमशील बनाउने उद्देश्यले तालिम प्रदान गरेको हो ।

उपप्रमुख ग्रामीण महिला उत्थान कार्यक्रम अन्तर्गत १३ दिने तालिम प्रदान गरिएको नगरपालिकाले जनाएको छ । तालिमको शुक्रबार एक औपचारिक कार्यक्रमकाबिच समापन गरिएको छ । तालिमको समापन गर्दै रामपुर नगरपालिकाका उपप्रमुख बाल कुमारी थापाले महिलाहरुका लागि अति आवश्यक वस्तुको उत्पादन नगरपालिका भित्रै गरी आत्मनिर्भर बनाउनु पर्ने बताइन् । यसले समृद्ध नगरपालिकासँगै महिलाहरुको आयआर्जनमा वृद्धि हुने बताइन । श्रृङ्गारको रुपमा प्रयोग हुने चुरा, पोते, माला, औँठी यहीँ उत्पादन गर्न आवश्यक रहेको थापाको भनाई छ । उनले तालिममा सिकेका सिपबाट उत्पादित बस्तुको बजारीकरण नगरपालिकाले गर्ने प्रतिबद्धता समेत व्यक्त गरिन् । उनले महिलाहरुले गरेको



उत्पादन नगरपालिकाले गरिद गरेर उपप्रमुख कोशेली घर मार्फत विक्रि वितरण गरी उपभात्ताको हातमा पुऱ्याउने बताइन् । उनले दैनिक जीवनमा आवश्यक पर्ने बस्तुको उत्पादन गरी नगरलाई आत्मनिर्भर बनाई आर्थिक समृद्धिका लागि विभिन्न सिपका आयमूलक तालिम सञ्चालन गर्दै आएको उल्लेख गरिन् । कार्यक्रममा ५ का वडा अध्यक्ष दुर्गा प्रसाद पोखरेलले तालिममा सिकेका सिपको माध्यबाट उद्यमी बन्न आग्रह गरे । साथै गुणस्तरीय र बाह्य्य वस्तु संग प्रतिस्पर्धा गर्न सक्ने सामग्री उत्पादन गर्नु पर्नेमा जोड दिए । ३ का वडा अध्यक्ष दामोदर पाठकले आत्मनिर्भर बन्नका लागि तालिममा सिकेका सिप महत्वपूर्ण हुने बताए । यस्तै तालिमलाई तालिममा मात्र सिमित राख्न नहुने भन्दै जीवनस्तर सुधार्नका लागि आयमूलक काम गर्नु पर्नेमा उनले जोड दिए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## विश्व दूरसञ्चार दिवसको सन्दर्भ

**अन्तर्राष्ट्रिय दूरसञ्चार संघ (आईटीयू) को आह्वानमा नेपाल लगायत विश्वभरका १९३ सदस्य राष्ट्रमा आज मे १७ मा विश्व दूरसञ्चार दिवस मनाइँदै छ । यो दिवस मनाउनुको मुख्य उद्देश्य विश्वमा दूरसञ्चार सेवा (भ्वाइस, डाटा, दृश्य प्रसारण) को विकास र विस्तारमा समाजमा देखापरेका समस्या सुल्झाउने तथा देशको आर्थिक विकास र सामाजिक रूपान्तरणमा सक्दो सहयोग पुर्‍याउने हो ।**

**यस क्षेत्रका नीति निर्माता नियामक संस्था सेवाप्रदायक र उपभोक्ताबीचको जनचेतना जागृत गराउनु र सोही अनुसार सेवा विस्तार पनि गर्नु हो । यो दिवस मनाउने प्रचलन सन् १९६९ देखि भएको थियो । सुरुमा विश्व दूरसञ्चार दिवसको नामबाट यो दिवस मनाइन्थ्यो भने संयुक्त राष्ट्रसंघको आह्वानमा सन् २००९ देखि यो दिवसलाई विश्व दूरसञ्चार तथा सूचना समाज दिवसको नामबाट मनाइँदै छ । यद्यपी पछिल्लो समय नेपालमा दिवस परम्परागत रुपमा मात्र मनाइँदा आईटीयुबाट प्राप्त हुनसक्ने थप लाभ लिन भने सकिएको छैन । यो अत्यन्त दुःखको कुरा हो । दूरसञ्चारको शाब्दिक अर्थ टाढा–टाढा सञ्चार गर्नु भन्ने हुन्छ । विशेषगरी प्रविधि तथा उपकरणहरुको प्रयोग गरी गरिने सञ्चारलाई दूरसञ्चार भनि बुझिन्छ । विश्वमा दूरसञ्चारका अनेकौं माध्यमहरु परिचित भइसकेका छन् । आधुनिक विश्वमा दूरसञ्चार दिवसले यस्तै नयाँ–नयाँ प्रविधिको प्रयोग र उपयोगितालाई आत्मासात गर्दै गोपनियतापूर्ण प्रविधि र सुरक्षित सञ्चारको वकालत गर्दछ । विश्वभर सूचना तथा सञ्चारका क्षेत्रमा भइरहेको प्रगतिबाट नेपाल पनि अलग छैन । नेपाली आकाशमा दौडिएको माइक्रोवेभको तरंग अप्टिकल फाइबरसम्म आइपुगेको छ । इन्टरनेटको विकास तिब्र गतिमा छ । यसबाट नेपाल पनि विश्वको सूचना संसारभित्र सहजै अटाउन सफल भएको छ । यो सकारात्कम हो । तर दूरसञ्चार क्षेत्रको सेवा अझ व्यवस्थित र नियमित हुन सकेको छैन । त्यसलाई व्यवस्थित गर्न आवश्यक छ । राज्यले स्पष्ट नीति र कानुन तर्जुमा गरी निजी क्षेत्रलाई समेत विश्वासमा लिएर प्रतिस्पर्धात्मक वातावरण सिर्जना गरी यसको विकास, विस्तार र सञ्चालन गर्न समय सान्दर्भिक नियम बनाउन आवश्यक छ । दूरसञ्चार क्षेत्रको अझ व्यवस्थित र नियमित गर्नका लागि दूरसञ्चार सेवा उपलब्ध गराउने कार्यमा संलग्न संस्था र विज्ञको समेत सहभागितामा राज्यले सामाजिक संवाद र छलफल चलाउन सके मात्र हरेक वर्ष मनाईने विश्व दूरसञ्चार दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।**

### Opinion @ Social Network

सल्लाहको सय शब्दले भन्दा अनुभवको एक ठक्करले
मान्छेलाई धेरै परिपक्व बनाउँदो रहेछ ।

*(एलिसा शर्माको फेसबुक स्टाटस https://www.facebook.com/Alisha.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# शिक्षण सम्पूर्णतः प्राविधिक पेशा



सञ्जय साह मित्र

*विद्यालयको सम्पूर्ण क्रियाकलापलाई शिक्षण सिकाइका लागि उपयुक्त मानिएको हुन्छ किनभने त्यहाँ निर्माण हुने सम्पूर्ण संरचनालाई शिक्षण सिकाइ क्रियाकलापमा सहयोग पुग्नेगरी बनाइएको हुन्छ । यसैले यो पनि मान्यता रहेको पाइन्छ कि विद्यार्थी जब विद्यालय पुग्दछन् तब त्यहाँ शिक्षक र पाठ्यपुस्तकबाट मात्र होइन, सम्पूर्ण गतिविधि र क्रियाकलापका साथै त्यहाँको वातावरणबाट पनि सिकाइ आर्जन गर्दछन् । विद्यालयमा प्रत्यक्ष वा परोक्षरूपमा विद्यार्थीहरूले सिक्नुपर्छ र सिकिरहनुपर्छ । कसैले सिकाएरमात्र होइन, स्वतःस्फूर्तरुपमा पनि सिक्ने वातावरण विद्यालयमा हुने हुनाले आजभोलि विद्यालयलाई शिक्षालय पनि भन्न थालिएको छ । शिक्षालय यथार्थमा सबैको लागि साझा सिक्ने थलो हो । शिक्षकले पढाउने र विद्यार्थीले पढ्ने ठाउँ भनेको विद्यालय हो । विद्यालय पनि सामान्य घरजस्तै हो तर यथार्थमा सिकाउनु र सिक्नु दुवै प्राविधिक काम हुन् ।*

पहिले शिक्षण भनिन्थ्यो र आजभोलि शिक्षण सिकाइ क्रियाकलाप भन्ने गरिन्छ । अझ सिकाइ सहजीकरण भन्न बढी सजिलो हुन्छ । पहिले शिक्षकले सबै कुरा भन्दै जाने र विद्यार्थीले सुन्दै जाने हुन्थ्यो । यसमा सुनाइमा ध्यान केन्द्रित गर्नुपर्थ्यो तर अहिले सिकाइमा ध्यान केन्द्रित गर्नुपर्छ । अहिले यो भन्न थालिएको छ कि शिक्षकले पढाउने होइन र सिकाउने पनि होइन, विद्यार्थीले आफूले गर्दै जाने हो र जहाँ विद्यार्थीलाई सहयोगको आवश्यकता पर्दछ त्यहाँ सहजीकरण गरिदिने हो । सिकाइमा सहयोग गर्ने, आवश्यकतानुसार बाटो देखाउने वा मार्गदर्शन गरिदिने काम हो शिक्षकको । यसैले अब शिक्षक नभनिदिँदा पनि हुन्छ ।

शिक्षकको ठाउँमा शिक्षण सिकाइ सहजकर्ता प्रयोग गर्दा राम्रो हुन्छ भन्नेसम्म भनिन थालिएको छ । शिक्षालयमा सम्बन्धित शिक्षकले के सिकाउने ? यसका लागि हरेक विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराइएको हुन्छ । पाठ्यपुस्तकलाई मात्रै पढाउनुपर्छ भन्ने होइन । पाठ्यपुस्तक निर्माण गरिएको हुन्छ पाठ्यक्रमको आधारमा । पाठ्यक्रमले नै के सिकाउने, कसरी सिकाउने र किन सिकाउने जस्ता आधारभूत पक्षबारे स्पष्ट पारेको हुन्छ । अर्थात्, पठनपाठनको उद्देश्य र तरिका पनि बताएको हुन्छ । साथै सिकारु अर्थात् विद्यार्थीमा के कति उपलब्धि भयो र कसरी मापन गर्ने आदि पक्षबारे पनि प्रष्ट पारिएको हुन्छ । शिक्षण सिकाइ क्रियाकलापमा सम्बन्धित विद्यार्थीको सबैभन्दा बढी सक्रिय भूमिका रहन्छ । जो जति सक्रिय रहन्छ उसले त्यत्ति धेरै क्रियाकलाप गर्ने अवसर पाउँछ । क्रियाकलापको माध्यमबाट नै बढी सिकिने कुरामा वर्तमान शिक्षा प्रणाली बढी सजग रहेको छ । हरेक तहको तहगत उद्देश्य रहेजस्तै कक्षाको कक्षागत उद्देश्य, विषयको विषयगत उद्देश्य, पाठको पाठगत उद्देश्य रहेको हुन्छ र सबै उद्देश्य चाहिँ शिक्षाको राष्ट्रिय उद्देश्यका आधारमा निर्धारण गरिएका हुन्छन् । शिक्षाको राष्ट्रिय उद्देश्यअनु रूपको जनशक्ति तयार पार्ने काममा शिक्षकको निकै महत्वपूर्ण भूमिका हुन्छ । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य तथा क्रियाकलापलाई विद्यार्थीसम्म पुर्‍याउने औपचारिक संयन्त्र विद्यालय हुन्छ र विद्यालयमा शिक्षक तथा कर्मचारी र विद्यार्थीहरूको सहक्रियाकलाप भइरहन्छ । त्यसो त सिकाइलाई निरन्तर चलिरहने क्रियाकलाप मानिएको छ । विद्यालयको सम्पूर्ण क्रियाकलापलाई शिक्षण सिकाइका लागि उपयुक्त मानिएको हुन्छ किनभने त्यहाँ निर्माण हुने सम्पूर्ण संरचनालाई शिक्षण सिकाइ क्रियाकलापमा सहयोग पुग्नेगरी बनाइएको हुन्छ । यसैले यो पनि मान्यता रहेको पाइन्छ कि विद्यार्थी जब विद्यालय पुग्दछन् तब त्यहाँ शिक्षक र पाठ्यपुस्तकबाट मात्र होइन, सम्पूर्ण गतिविधि र क्रियाकलापका साथै त्यहाँको वातावरणबाट पनि सिकाइ आर्जन गर्दछन् । विद्यालयमा प्रत्यक्ष वा परोक्षरुपमा विद्यार्थीहरूले सिक्नुपर्छ र सिकिरहनुपर्छ । कसैले सिकाएरमात्र होइन, स्वतःस्फूर्तरूपमा पनि सिक्ने वातावरण विद्यालयमा हुने हुनाले आजभोलि विद्यालयलाई शिक्षालय पनि भन्न थालिएको छ । शिक्षालय यथार्थमा सबैको लागि साझा सिक्ने थलो हो । शिक्षालयमा अभिभावक, शिक्षक तथा विद्यार्थी सबै पक्षले थोरबहुत निरन्तर सिकिरहने मौका पाउँछन्, मुख्यरूपमा विद्यार्थीका लागि लक्षित गरेर शिक्षालयको निर्माण गरिएको भए पनि सोझोरूपमा शिक्षकले किताब पढाउने र विद्यार्थीले पाठ पढ्ने हो । शिक्षकले पढाउने र विद्यार्थीले पढ्ने ठाउँ भनेको विद्यालय हो । विद्यालय पनि सामान्य घरजस्तै हो तर यथार्थमा सिकाउनु र सिक्नु दुवै प्राविधिक काम हुन् । विद्यार्थीले के सिक्ने र शिक्षकले के सिकाउने भन्ने कुरा एउटा योजनानुसार चलेको हुन्छ, प्रक्रिया अनुसार अगाडि बढेको हुन्छ । राज्यले निर्धारण गरेको मापदण्डलाई लागू गर्नेपर्ने हुन्छ । हरेक शिक्षकले सिकाउने कुरा एउटै र हरेक विद्यार्थीले सिक्ने कुरा एउटै हुन्छ, कक्षा र विषय तथा पाठको सन्दर्भमा । साथै हरेक विद्यार्थीका लागि राज्यले निर्धारण गरेको उद्देश्यदेखि कति समयमा उक्त उद्देश्यका लागि कुन-कुन क्रियाकलाप सञ्चालन गर्नु-गराउनुपर्ने हो, सबै निश्चित प्रक्रियामा सम्पन्न गर्नुपर्ने हुन्छ । विद्यालय तहको अन्त्यमा राज्यले नै परीक्षा लिने अर्थात् मूल्यांकन गर्ने हुन्छ । यसरी पनि देखिन्छ, हरेक कक्षाको मूल्यांकन सम्बन्धित शिक्षकमार्फत सम्बन्धित विद्यालयले तथा तहको मूल्यांकन पालिकाले र अन्तिम तहको अन्तिम मूल्यांकन राज्यले गर्दछ । यसरी विद्यालय तहको अन्तिम मूल्यांकनको प्रमाणपत्र राज्यले नै उपलब्ध गराउँछ जसको मान्यता देश तथा विदेशमा रहन्छ । विद्यालयमा विद्यार्थी पुगेकै दिनदेखि विद्यालय तह पार गरेको दिनसम्म विद्यार्थीमा राज्यले ठूलो लगानी गरिसकेको हुन्छ । राज्यले विद्यार्थीको पाठ्यपुस्तक तथा छात्रवृत्ति र अन्य क्रियाकलापहरूमा लगानी गरेको हुन्छ । यसैगरी विद्यार्थीलाई सिकाउने शिक्षक, कर्मचारी तथा विद्यार्थी पढ्न जाने विद्यालयको भवन र अन्य काममा पनि लगानी गरेको हुन्छ । यसैगरी अभिभावक, समुदाय र सम्बन्धित पालिकाको पनि विद्यालय तथा विद्यार्थीमा लगानी भएको हुन्छ । विभिन्न तहको सरकार, स्थानीय समुदाय, अभिभावक, शिक्षक तथा विद्यार्थीसमेतको सहक्रियाकलाप तथा समन्वयमा हुने शिक्षण सिकाइ क्रियाकलापलाई समग्रमा प्राविधिक कार्य मान्न सकिन्छ । अर्थात्, शिक्षकले गर्ने कार्य पनि प्राविधिक कार्य हो, शिक्षण पेशा आफैंमा प्राविधिक पेशा हो । यसलाई सामान्य पेशाको रूपमा लिनुभन्दा अझ विशिष्ट पेशा हो भन्ने कुरा विशेष विचारणीय छ । अझ शिक्षामा पनि प्राविधिक धारको सुरुवात केही दशक पहिलेदेखि भएको छ । साधारण विद्यालयमा पनि प्राविधिक धार संचालन भइरहेको अवस्थामा निसन्देह शिक्षण पेशालाई प्राविधिक पेशा मान्न सकिन्छ । प्राविधिक पेशा अपनाउनका लागि योग्यता प्रमाणित गर्नुपर्ने हुन्छ । कुनै पनि शैक्षिक योग्यताले सम्बन्धित पेशामा सामान्य रूपले प्रवेश गर्नको लागि मूल योग्यताको प्रमाणपत्रबाहेक अन्य प्रमाणपत्रको आवश्यकता पर्दैन । उदाहरणका लागि शाखा अधिकृतको लागि कुनै लाइसेन्सको परीक्षा उत्तीर्ण गर्नुपर्दैन, विश्वविद्यालयले उपलब्ध गराएको शैक्षिक योग्यताको प्रमाणपत्रको आधारमा नै सोझै उम्मेदवार हुन पाइन्छ तर प्राविधिक रोजगारीतर्फ जान चाहनेले सम्बन्धित सेवा आयोग वा आयोगबाट थप योग्यताको प्रमाणपत्रको आवश्यकता पर्दछ । चिकित्सा सेवातर्फ जान चाहनेले पनि शैक्षिक योग्यताको प्रमाणपत्र प्राप्त गरेपछि फेरि लाइसेन्सको परीक्षा उत्तीर्ण गर्नुपर्छ अनि बल्ल कुनै नोकरीका लागि योग्य मानिन्छ । शिक्षण पेशामा पनि यही सन्दर्भ लागू भएको देखिन्छ । कोही पनि शिक्षण सेवामा प्रवेश गर्न चाहन्छन् भने विद्यालय वा विश्वविद्यालयले प्रदान गरेको शैक्षिक योग्यताको प्रमाणपत्रले मात्र पर्याप्त हुँदैन, शिक्षक सेवा आयोगले सञ्चालन गर्ने शिक्षण अनुमतिपत्र परीक्षा उत्तीर्ण गरेर शिक्षण अनुमति प्रमाणपत्र प्राप्त गर्नुपर्छ । हरेक प्राविधिक धारको पेशामा यस किसिमको व्यवस्था रहने र त्यसलाई प्राविधिक धार मानिने हुँदा शिक्षणलाई पनि प्राविधिक पेशा मान्नु सर्वथा उचित हुन्छ । शिक्षण नितान्त प्राविधिक पेशा भएकाले यस पेशामा उच्च प्रतिस्पर्धात्मक क्षमता भएका योग्यतम मानिसहरूको प्रवेश वाञ्छित छ । शिक्षण आफैंमा समर्पण र त्यागको पेशा भएकोले यस पेशाको उच्च सम्मान पनि हुनु अत्यावश्यक छ । तुलनात्मक रूपमा समाजमा शिक्षकको सम्मान अहिले पनि रहेको छ तर अन्य पेशामा संलग्नहरूले शिक्षण पेशामा लागेकालाई खासै सम्मानपूर्ण दृष्टिकोणले नहेर्ने भएकाले माध्यमिक तह (शाखा अधिकृतसरह)का शिक्षकले खरिदार वा नायब सुब्बा पदमा नाम निकाल्न सके तुरुन्त शिक्षण पेशालाई त्याग गर्ने गरेका छन् । यही मूलकारणले गर्दा उच्च गुणस्तरयुक्त जनशक्ति शिक्षामा पुग्न सकेका छैनन् । उच्च गुणस्तरयुक्त, पूर्ण प्रतिस्पर्धात्मक तथा उच्च सम्मानको अपेक्षा गर्नेहरूको पहिलो रोजाइमा शिक्षण पेशा नपर्ने तथा शिक्षकले पाउने सुविधामा पनि प्राविधिक पेशाको जस्तो केही पनि नहुने धेरैको रोजाइमा शिक्षण पेशा नपरेको हो । अन्य पेशाको तुलनामा शिक्षण पेशा तथा अन्य कार्यालयको तुलनामा शिक्षालयमा राजनीतिक प्रभाव बढी हुने, स्थानीय राजनीतिकर्मीले आफ्ना निकटका मानिसलाई स्थायीबाहेक अन्य शिक्षक पदमा सजिलै नियुक्त गर्न पाउने अवस्था रहेकाले पनि शिक्षण पेशाप्रति आकर्षण बढ्न नसकेको हुनुपर्छ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
[illegible] अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : उदार स्वभावले अरुलाई खुसी दिनेछ। कुनै ठूलो योजनामा ध्यान आकर्षित हुनेछ। | **तुला** : भावनालाई बुझ्ने प्रयास गर्नुहोला। कानुनी मामलामा सल्लाह अवश्य लिनुहोस्। |
| **वृष** : पुरानो कार्यलाई बढी महत्व दिनुहोस्। रोजगारका नयाँ अवसर मिल्नेछन्। | **वृश्चिक** :संगीत वा कलाको क्षेत्रमा रुचि बढ्नेछ। समाजमा मानसम्मान बढ्नेछ। |
| **मिथुन** : अधिकारीहरूलाई प्रशन्न पार्न सक्नुहुनेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ | **धनु** : आशावादी भएर अगाडि बढ्नुहोस् । बोलीले अरुलाई प्रभावित पार्न सक्नुहुनेछ। |
| **कर्कट** : भागीदारी जनाउन सक्नुहुनेछ। साथ मिल्नाले कार्यमा जोस जागर बढ्नेछ। | **मकर** : योग र ध्यानको सहारा लिनुहोस्। शत्रुहरू सक्रिय रहनेछन् सावधान रहनुहोस्। |
| **सिंह** : जीवनसाथीसँग यादगार समय बित्नेछ। छरछिमेकीसँग मनमुटाव सुल्झिनेछ । | **कुम्भ** : पारिवारमा खुसीको समय र हेको छ।मनोरञ्जनात्मक समय बित्नेछ। |
| **कन्या** : लगानीको लागि सही अवसर रहेको छ। साथीसँग मनमुटाव भुलाएर अगाडि बढ्नुहोस्। | **मीन** : महत्वकांक्षी योजनाहरू सफल हुनेछन्। कार्यक्षेत्रमा पिताको सहयोग मिल्नेछ। |

# साहित्य दर्पण

नीतिकथा — कमल रिजाल

## संयमको शक्ति

प्रसङ्ग त्यति बेलाको हो जति बेला व्यासजी र गणेशजीबीच महाभारतको कथा भन्ने र लेख्ने क्रम चलिरहेको थियो । व्यासजी भन्थे गणेशजी भन्न भ्याएका हुन्न भुर्जपत्रमा उतारिसक्थे । जब अन्तिम श्लोक पनि भन्ने र लेख्ने काम सकियो व्यासजीको मनमा ठूलै जिज्ञासा उत्पन्न भएकाले टोलाउन लागे । उनी टोलाएको देखेर गणेशजीको मनमा पनि जिज्ञासा उत्पन्न भएकाले सोधे- 'गुरुजी' टोलाउन लाग्नुभयो नि किन ? अब त तपाईंको चाहना अनुसार महाभारतको कथा लेख्ने काम पनि सकियो । तैपनि टोलाउँदै हुनुहुन्छ भने पक्कै कुनै कारण हुनुपर्छ । कुनै गल्ती भएको छ भने भन्नुस् है । म छउन्जेल चिन्ता गर्नुपर्दैन । अहिले नै सुधारिदिने छु ।! गणेशजीको कुरा सुनेर व्यासजीले असहज मान्दै भने 'होइन गणेशजी ' त्यस्तो केही होइन । जहाँ तपाईं जस्ता सिद्धिदायक विघ्न हर्ता गणेशजीको उपस्थिति हुन्छ त्यहाँ गल्ती हुने प्रश्नै आउन्न । जहाँसम्म किन टोलाउनुभयो भन्ने प्रश्न छ त्यसको भने अर्कै कारण छ ।! 'कारण अर्कै छ ?! 'हो, कारण अर्कै छ ।! 'के कारण हो जान्न सक्छु ?! 'यही कि मनमा एउटा जिज्ञासा उत्पन्न भइरहेको छ ।! 'जिज्ञासा ?! 'हो, जिज्ञासा ।! 'कस्तो जिज्ञासा हो भन्नुस् न ।! 'के भन्ने खोइ, यति लामो समयदेखि बोलिरहेको छु । बिसौं लाख शब्द बोलिसकेँ होला तर तपाईंले भने एउटै शब्द बोल्नुभएको छैन । कसरी नबोलेरै यति लामो समय बिताउन सक्नुभएको होला । अझ त्योभन्दा पनि आश्चर्य त के भने मैले बोल्न भ्याएको हुन्न तपाईं लेखेर भ्याउनुहुन्छ । यसको रहस्य के होला भन्ने लागिरहेको छ ।! उनको कुरा सुनेर गणेशजीले मुस्कुराउँदै भने 'ल ' यो कुन ठुलो कुरा भयो र ? यही त हो मेरो शक्ति ।! 'यही हो ?! 'हो, यही हो ।! 'कुरो बुझ्न गाह्रो परेकाले प्रस्ट पारिदिनुहुन आग्रह गर्छु ।! त्यसपछि गणेशजीले मौनताको व्याख्या गर्दै भने- 'हेर्नुस् व्यासजी ' मौनतामा जति शक्ति अरू केहीमा हुँदैन । जसरी कुनै दियोमा बढी तेल हुन्छ कुनैमा कम तर तेलको अक्षय भण्डार भने कुनैमा पनि हुँदैन त्यसैगरी देव, दानव, मानव लगायत सबै किसिमका प्राणीको प्राण शक्ति सीमित नै हुन्छ । मात्र फरक कसैमा कम होला कसैमा केही वेशी तर असीम भन्ने चाहिँ कसैमा पनि हुँदैन । त्यसैले प्राणशक्तिको पूरा प्रयोग उसैले गर्न सक्छ जसले संयम गर्न सकेको छ, जानेको हुन्छ । अन्तत: यही नै नाना भाँतीका समस्याका कारण बन्छ । सर्वप्रथम उसको प्राण शक्तिलाई सोसिदिने भएकाले काममा सिद्धि पाउन गाह्रो पर्छ । सारमा यति नै भन्न सकिन्छ वचनको संयम भनेको सबै किसिमको अनर्थ परम्पराको दग्धबीज हो । अत: सानैदेखि यही मौनको उपासक बन्दै आएको छु । हालसम्म जे जति काम गर्न सकेको छु वा मबाट हुन सकेका छन् त्यसको मूल कारण यही मौनको उपासना नै हो ।! यति भनेर गणेशजी आफ्नो बाटो लागे । व्यासजी त्यसैको अभ्यास गर्न लागे । अन्तत: उनी यसैबाट १८ पुराणको रचना गर्न सक्षम भए । यस कथामा के कति सत्यता छ त्यो थाहा छैन तर मौनमा ठुलो शक्ति हुन्छ भन्ने कुरा भने सत्य हो । त्यसैले त गफाडीहरू गफै मात्र दुनियाँ हसाइरहेका हुन्छन् मौन रहनेहरू काम गरेर देखाइरहेका हुन्छन् ।

*-रातोपाटी डटकम*

निबन्ध — गोपी मैनाली

## हुलाक त हराएछ !

मानव सभ्यतासँगै, मानव सभ्यतालाई संस्थागत गर्न जन्मिएको हुलाक विस्तारै हराउन थालेछ । गाउँको बीचको हुलक घर सुनसान छ, रातो र नीलो दुवै पत्र मञ्जूषा खिया लागेका छन् । पत्र मञ्जूषाभित्र चिठी छैन, हुलाकघरमा चहलपहल छैन । मैलो झोला पिठ्युँमा बोकेर एक हातमा रजिष्टर कापी र अर्कोमा लठ्ठी लिएर हुलाकी दैलो अघिल्तिर ठिङ्ग उभिँदा हामी सबैका चेहरामा खुशीका रेखा दौडिन्थे । उसले ल्याएको चिठी प्रेमपत्र हुनसक्थ्यो । देश, विदेश काम गर्न गएका छोरा, श्रीमान् र दाजुभाइको सञ्चोविसञ्चो सन्देश हुनसक्थ्यो । मनभरि वाचा बाँडेर लाहुर हानिएको प्रेमीको थप वाचाहरू हुनसक्थ्यो । प्रेमको सन्देशवाहक हुलाकी सबैको मायाको पात्र थियो । कति त पत्रमित्रताबाटै साथित्व गाँस्ने र जीवनसाथी बन्ने क्रममा हुन्थे । हो, यतिबेला पत्रमित्रको खुबै चलन थियो । पत्रबाटै रहस्यको माया बन्धन बनाउने पढलेखा युवायुवती हुलाकी दाइको प्रतीक्षामा हुन्थे । पत्रबाटै चिनजान, पत्रबाटै भावनाको साझा र यसैले जोडेको जीवनसाथीको नाता । विश्वासको वाहक थियो हुलाक । लाहुर गएको छोराको सन्देशको प्रतीक्षामा बूढी आमाहरू हुलाकी बाटोभरि आँखा बिछ्याउँथे । भर्खर विवाह गरेर पैसा कमाउन लाहुर हानिएका श्रीमान्लाई यौवनाहरू रातमा सपना र दिनमा हुलाकमा खोज्थे । हुलाकी बाटो प्रेम र माया हिँड्ने राजमार्ग थियो । हुलाकीको मैलो थैलो प्रेमको पुन्टुरो थियो । कसको प्रेम ल्याएन हुलाकीले ? कतिको परिवार बसाल्यो, सम्बन्ध जोड्यो । हुलाक थियो र न समाजमा प्रेम थियो । हप्तौं, महीनौंको कठीन दूरी पार गरेर मायाका शब्दहरू मनमजेरीसम्म आइपुग्दा त्यो यात्राशक्ति र अदम्य साहसलाई समाजले मनभित्र सजाएको हुन्थ्यो । नचिनेको, नजानेको हुलाकी मायाको भरिया बन्थ्यो । उसको ढाकर मायाको खानी थियो । गाउँको अतिरिक्त हुलाक र यसकै बगलमा रहेका दुई पत्र मञ्जूषा मायाको घर थिए । पत्र मञ्जूषामा खसालेको चिठी कसरी देशदेशावर पुग्छ होला ? पाठशाला नजिक पुग्दा मनमा एक्कासि यही प्रश्न उब्जन्थ्यो । एकदिन पाठशालाका टहलुवा काकालाई सोधेँ पनि । तर यो कौतूहल आफैं जान्ने भएपछि मात्र पूरा भयो । स्मृतिमा अहिले पनि ताजै छ, घर घर धाउने त्यो हुलाकी दाइको हातमा भाले लौरो टुट्दैनथ्यो । हुलाकी दाइको भाले लौरो टेक्ने साथी होइन, सुरक्षाको साहारा थियो । साझ-विहान, वन-पातलको यात्रामा जङ्गली जनावर र कुकुरबाट बच्न त्यो भाले लौरो प्रयोग हुँदो रहेछ । लौरोको टुप्पोमा दुवैतिर धार भएको भाला र त्यसमुनि लोला जस्तो छिन्द्रिङ्छिन्द्रङ्ग बज्ने धातुका दाना पनि जडिएका हुन्थे । पाइलासाथ बज्ने ती छिन्द्रिङ्गेले हुलाकी आएका जनाउ दिन्थ्यो । छाडा कुकुरहरू पनि मैलो झोला पछ्याउँदैनथे । कुकुर र हुलाकी दाइको सम्बन्ध यही भाले लौरोले बनाएको रहेछ । हप्तौंको हिँडाइमा पसिना जमेको शरीर, मयल टल्केको वेस्टकोटले एक प्रकारको हरक पनि हुलाकीलाई पछ्याइरहन्थ्यो । हामी स्कुले बालबालिकाका लागि त्यो हुलाकी हरक (पोस्टल सेन्ट) थियो । मैलो हुलाकी झोलाभित्र माया र सन्देशका खात हुन्थे भन्ने कल्पना हामी स्कुले बालबालिकालाई पर्थ्यो । त्यो कल्पना मात्र नभै वास्तविकता नै थियो । बालमनभरि फैलिएको हुलाकी अचम्मको शक्ति थियो, अदम्य साहस थियो । किन लम्बेलम्बे यात्रा गर्छ, के ऊ बिमारी पर्दैन ? कहाँ बास बस्ला ? पानीले चिठी भिजे के गर्ला ? यस्ता अनगिन्ती प्रश्नको उत्तर चाहेर पनि उतिबेला पाउन सकिनँ । न गुरुले बताए न टहलुवा काकाले । यत्ति चाँहि बताए कि तिमीहरू प्रवेशिका दिने भएपछि तिमीहरूको रिजल्ट शहरबाट हुलाकीले ल्याउँछ । त्यसपछि दिमागमा अर्को बिम्बले आशन जमायो, शहर ! के हो शहर ? शहरमा रिजल्ट बनाउने मेसिन छ ? त्यहाँ कस्ता मानिस बस्छन् ? त्यहाँको हुलाक घर पनि ठूलै हुनुपर्छ । धेरै मानिसका धेरै खबर, धेरै प्रेम र सम्बन्धहरू यही हुलाक्ले धानेको होला ! हुलाकी सञ्चार र साहसको मात्र पहिचान थिएन, इमानको पनि नाम थियो । हुलाकसाथ चिठी, पर्साल मात्र आएन, धनादेश, बीमा, कोशेली पनि आउँथे । वर्षामा खहरे-खोलामा हेलिएर जाडोमा कठङ्गिएर, हुरीमा लन्फनिएर पनि उसको इमान डगमगाएन । न उसले विश्वास छाड्यो । निरन्तर समर्पणको एकतमासको यात्रामा अन्तरऊर्जा उमारिरह्यो । कर्तव्यमा सतत् भएपछि इमान देखिने हो । सौभाग्य उसैलाई प्राप्त हुन्छ जो आफ्नै कर्तव्यपथमा निरन्तर रहन्छ । हुलाकी कर्तव्यपथको भाग्यमानी हो र अरु धेरैको भाग्य जोड्ने सूत्र । हुलाकी परम्परा पनि बन्यो, सन्देश त छँदै थियो । पुस्ता-पुस्ता परिवर्तनको बाटो बन्यो । सम्बन्धको सेतु बन्यो । साहस र समर्पणमा समययात्रा गर्दै आएको हुलाक, त्यो मैलो झोला, छिन्द्रिङ्गे भाले लठ्ठी र अनौठो हुलाकी हरक समाज-बस्तीबाट उग्लिँदै छ । अब हुलाकी ठिङ्ग उभिएर प्रेमपत्र बाँड्न छाड्दैछ । जागिर र नियुक्तिको खबर ल्याउन छाड्दैछ । गोप्य प्रतिवेदनको रहस्य लिएर आउन छाड्दैछ । माइती-मावलीको खबर ल्याउन पनि छाड्दैछ । हुलाकी उगाल्ने विस्थापक प्रविधि हो । भनिएला प्रविधिले मायाका भाषा र सन्देशको स्वर निमेषमा ल्याउछ । ऊ मैलो पनि छैन, जटिलता पनि भोग्दैन । ठिकै हो तर हुलाक र हुलाकीजस्तो विश्वास र हार्दिकता यसले कसरी बोकोस् ? । हुलाक त गाउँको धड्कन थियो, समाजको बिम्ब थियो । हुलाकका नाममा प्रविधिले परिवर्तन त ल्यायो तर उपलब्धिमा आफ्नै प्रतिकूलता पनि साथसाथै ल्यायो । त्यसैले होला निमेषमा जोडिएको माया निमेषमै भाँचिन थालेको छ । माया पिरतीमा खडेरी पर्दैछ । संवेदना-सन्देशको पवित्र सेतु चुडिँदैछ । हुलाक पत्रवाहक सञ्चार संरचनाबाट बिस्तारिएर बैंक बनेको थियो । गाउँ गाउँबीच नगद चलनको बाटो हुलाक थियो, बचतको घर पनि हुलाक थियो । अहिलेको बैंकलाई जस्तो हुलाक्लाई सुरक्षा चाँहिदैनथ्यो । विश्वास जितेपछि केको सुरक्षा ? नियुक्ति, बढुवा, सरुवा जस्ता पजनीको सन्देश पनि हुलाकैबाट हुन्थ्यो । अब उसकै नाममा अरुबाट विस्थापित भएर नदेखिने गरी हिँड्न थाल्यो र उधुम मचायो । आफैंमाथि प्रहार गर्‍यो । शीघ्रता र सजिलोका नाममा अन्धाधुन्द गर्‍यो । मानवता र अस्मितामाथि नै धावा बोल्यो । हुलाकले होइन, उसका नाममा विकास भएका विधि-प्रविधिले हुलकामाथि नै आक्रमण गरे, मानवतामाथि खेलवाड गरे । राज्यले पनि हुलाकलाई माया गरेन, समाजले सञ्जाललाई समायो । हाम्रा गाउँका हुलाक घरहरू जीर्ण खण्डहर बनेर इतिहासको इतिहास देखाइरहेका छन् । उसका सट्टामा आएका विधि प्रविधि स्पार्ध र मानवताको व्यापारमा छन् । मानवताको संस्कृति पोस्टल कर्पोरेट कल्चरले विस्थापित भएको हुलाक आफैं टुलुटुलु हेरिरहेछ । उपलब्धिले आफैंप्रतिको प्रतिकूलता कसरी ल्याएको होला ? हुलाक समाजको धड्कन थियो, सभ्यताको बिम्ब थियो । दु:खको कुरा, हुलाकले माया-प्रीतिका सन्देश ल्याउन छाडेको छ । हुलाकप्रति प्रेमीहरू नै मोहभङ्गमा छन् । हुलाकले फदयलाई स्पर्श गर्न छाडेको छ । त्यसैले समाज उजाडिँदै छ । *-साहित्यपोस्ट डटकम*


### गुल्मी दरबार गाउँपालिकाको अनुरोध

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौं ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।

भेषराज घिमिरे — प्रमुख प्रशासकीय अधिकृत
तारा थापा ढेंगा — उपाध्यक्ष
सरोजकुमार थापा — अध्यक्ष

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल



### रैनादेवी छहरा गाउँपालिकाको अनुरोध

- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।

कृष्णप्रसाद ज्ञवाली — प्रमुख प्रशासकीय अधिकृत
युवराज थापा — उपाध्यक्ष
रूपमाङ्गत भट्टराई — अध्यक्ष

रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल



### डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा



### रूरूक्षेत्र गाउँपालिकाको अनुरोध

- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

लक्ष्मण पाण्डे — प्रमुख प्रशासकीय अधिकृत
मीना देवी गौतम — उपाध्यक्ष
यदु ज्ञवाली — अध्यक्ष

रूरूक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घिउवेंसी, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# विश्व उच्च रक्तचाप दिवस मनाइँदै



**पाल्पा,** जेठ २/आज विश्व उच्च रक्तचाप दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष मे १७ तारिखका दिन यो दिवस मनाइन्छ । यो दिवस सन् २००५ देखि मनाउन थालिएको हो ।

यस दिवसका अवसरमा स्वास्थ्य तथा जनसङविश्व उच्च रक्तचाप दिवस मनाईँदैया मन्त्रालय, सरकारका विभिन्न निकायलगायत सैसंस्थाले विभिन्न चेतनामूलक कार्यक्रम गर्ने भएका छन् । बदलिँदो र व्यस्त जीवनशैली, प्याकेटका खानेकुरा, प्रशोधित पदार्थ सम्पत्ति र प्रगतिको प्रतिस्पर्धाले उच्च रक्तचापका बिरामीको संख्या दिनप्रतिदिन बढ्दै गएको छ । सन् २०१६ मा नेपाल डेमोग्राफिक एण्ड हेल्थ सर्वेले उच्च रक्तचाप नेपालीका लागि चिन्ता लिनुपर्ने अवस्थामा पुगेको देखाएको छ । सन्तुलित खानपान, शारीरिक अभ्यास र तनाव घटाउने गरेमा उच्च रक्तचापको समस्या कम हुने चिकित्सक बताउँछन् । नेपाल डेमोग्राफिक एण्ड हेल्थ सर्वेमा २५ प्रतिशत वयस्क पुरुषमा उच्च रक्तचाप भेटिएको छ । सहरी क्षेत्रमा यसको प्रभाव अझ बढ्दो छ । मानिसलाई उच्च रक्तचाप भएको समेत थाहा नपाउने भएकाले यसको रोकथामका लागि विद्यालय तहदेखि नै पाठ्यक्रममा रक्तचाप र मुटुको रोग सम्बन्धी पठनपाठनको व्यवस्था र समुदायस्तरमै परीक्षण गर्नुपर्ने विज्ञ बताउँछन् । आधारभूत स्वास्थ्य परीक्षण गराउँदा कुनै समस्या देखिए सामान्य औषधिको प्रयोगबाट पनि रोग नियन्त्रण गर्न सकिने भएकाले समुदायस्तरमा जनचेतना फैलाउनुपर्ने चिकित्सकहरुको जोड रहेको छ । अति व्यस्त र मानिसको महत्वाकांक्षी सोचका कारण स्वास्थ्यलाई ध्यान नदिने र आम्दानीलाई प्राथमिकतामा राख्ने प्रवृत्तिका कारण पनि उच्च रक्तचाप लगायत नसर्ने रोग बढिरहेको छ ।

# आज विश्व दूरसञ्चार दिवस मनाइँदै




**पाल्पा,** जेठ २/आज विश्व दूरसञ्चार दिवस विविध कार्यक्रम गरी मनाइँदै छ । दूरसञ्चारमा भएका उपलब्धि र आवश्यकतालाई परिपूर्ति गर्ने बारेमा जानकारीमूलक कार्यक्रम आयोजना गरेर विश्वभर यो दिवस मनाइँदै छ ।

सूचना प्रविधिको विकास र विस्तारमा विश्वले फड्को मारेको छ, यही विकास क्रम सुरु भएको दिनको सम्झनामा दिवस मनाउने गरिएको हो । अन्तर्राष्ट्रिय दूरसञ्चार संगठन (आइटियु) का विश्वका १ सय ९३ सदस्य राष्ट्रभर यो दिवस मनाउने गरिन्छ । अन्तर्राष्ट्रिय दूरसञ्चार संघ (आइटियु) को स्थापना दिवस मे १७ लाई आधार मानेर प्रत्येक वर्ष आजकै दिन यो दिवस मनाउने गरिएको छ । सन् १८६५ मे १७ मा आइटियुको स्थापना भएपछि सन् १९६९ मे १७ तारिखमा पहिलो अन्तर्राष्ट्रिय टेलिग्राफ सम्मेलनमा अन्तर्राष्ट्रिय टेलिकम्युनिकेसन युनियन स्थापना गर्ने सम्झौतामा हस्ताक्षर भएको इतिहास छ । सो हस्ताक्षरको सम्झनामा सन् २००५ देखि विश्व दूरसञ्चार दिवस मनाउन थालिएको हो । विश्वभर दूरसञ्चार विकासका लागि आवश्यक रणनीति, फ्रिक्वेन्सी व्यवस्थापन जस्ता विषयमा आइटियुले सदस्य राष्ट्रलाई सहयोग गर्ने गरेको छ । सन् १९१३ मा पहिलो पटक काठमाडौँमा टेलिफोन लाइन जोडिएकोमा एक वर्षपछि सन् १९१४ मा काठमाडौँदेखि भारतको रक्सौलसम्म टेलिफोनको प्रयोजनका लागि तार लाइन जडान गरिएको थियो । सन् १९३६ मा काठमाडौँबाट धनकुटासम्मको ट्रंक लाइन स्थापना गरियो । सन् १९५० मा उपत्यकामा राजदरबार र तत्कालीन राणा परिवारले प्रयोग गर्ने गरी १०० लाइन टेलिफोन क्षमताको एक्सचेन्ज जडान भयो । यी फोनहरू शासक वर्गका लागि मात्र उपलब्ध थियो ।

## खेलकुद समाचार

# नेपाल बङ्लादेशसँग पराजित



**काठमाण्डौ,** जेठ २/१९ वर्षमुनिको साफ च्याम्पियनशिप फुटबलको सेमिफाइनलमा नेपाल बङ्गलादेशसँग पराजित भएको छ । भारतको गोल्डेन जुब्ली स्टेडियममा शुक्रबार भएको पहिलो सेमिफाइनलमा नेपाल २-१ गोलले पराजित हुँदै बाहिरियो । बङ्गलादेश फाइनलमा पुगेको छ । खेलको पहिलो हाफ गोलरहित बराबरी सकिएको थियो । बङ्गलादेशले दोस्रो हाफको १० मिनेटभित्र दुई गोल गऱ्यो । बङ्गलादेशले खेलको ७३औं र ८१औं मिनेटमा गोल गरेको हो ।

नेपालले खेलको ८७औं मिनेटमा एक गोल फर्कायो । नेपाल समूह 'बी' को उपविजेता र बङ्गलादेश समूह 'ए' को विजेता बन्दै सेमिफाइनलमा पुगेका हुन् । समूह चरणमा नेपालले पहिलो खेलमा श्रीलङ्कालाई हराएको थियो भने दोस्रो खेलमा आयोजक भारतसँग पराजित भएको थियो । यस्तै बङ्गलादेशले पहिलो खेलमा माल्दिभ्ससँग बराबरी खेल्दा दोस्रो खेलमा भूटानलाई हराएको थियो । प्रतियोगिताको दोस्रो सेमिफाइनलमा आजै राति पौने ८ बजे समूह 'बी' को विजेता भारत र समूह 'ए' को उपविजेता माल्दिभ्स खेल्दैछन् । बङ्गलादेशले यो खेलको विजेतासँग उपाधिका लागि खेल्नेछ । नेपालले सन् २०१५ मा भएको पहिलो संस्करणको उपाधि जितेको थियो । पछिल्लो पटक भने नेपाल फाइनलमा बङ्गलादेशसँग पराजित भएको थियो ।

### सच्याइएको

नवजनचेतना राष्ट्रिय दैनिको वर्ष ३० अंक २९०, मिति २०८२/२/२ गते चैथो पृष्ठमा लक्ष्मी बचत तथा ऋण सहकारी सस्था लि.को कर्मचारी आवश्यकता सम्बन्धि सूचनामा उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ । स.

## अर्थ/कर्पोरेट समाचार

# पेट्रोलियम पदार्थको मूल्य घट्यो



**पाल्पा,** जेठ २/नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको बैठकले बिहीबार मध्यरातदेखि लागू हुनेगरी पेट्रोलमा प्रतिलिटर एक रुपैयाँ र डिजेल/मट्टितेलमा प्रतिलिटर तीन रुपैयाँ घटाएको हो ।

मूल्य समायोजनसँगै पहिलो वर्गका लागि पेट्रोल प्रतिलिटर १ सय ५४ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि १ सय ५६ रुपैयाँ र तेस्रो वर्गका लागि १ सय ५७ रुपैयाँ कायम भएको छ । यस्तै डिजेल/मट्टितेल पहिलो वर्गका लागि प्रतिलिटर १ सय ३९ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि १ सय ४१ रुपैयाँ र तेस्रो वर्गका लागि १ सय ४२ रुपैयाँ तोकिएको निगमले जनाएको छ । निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज डिपोलाई पहिलो वर्ग, सुर्खेत र दाङ डिपोलाई दोस्रो वर्ग तथा काठमाडौं, पोखरा र दिपायल डिपोलाई तेस्रो वर्गमा राखेको छ । निगमको डिपोदेखि १५ किलोमिटरसम्मका लागि उक्त खुद्रा बिक्री मूल्य लागू हुनेछ । इण्डियन आयल कर्पोरेशनबाट प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा एक रुपैयाँ आठ पैसा र डिजेलमा दुई रुपैयाँ ८० पैसा घटेर आएकाले खुद्रा बिक्री मूल्य मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।

# नसर्ने रोगबाट बच्ने उपाय

- धुम्रपान र मद्यपान नगरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- मानसिक तनावबाट मुक्त रहौं,
- अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
- स्वस्थकर र सन्तुलित भोजन गरौं,
- नियमित स्वास्थ्य जाँच गरौं,

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# रामपुरका महिलालाई...

...आर्थिक विकास समितिका संयोजक तथा कार्यपालिका सदस्य दुर्गा देवि भण्डारी गौतमले आर्थिक समृद्धि र जिविकोपार्जनका लागि सिपमूलक तालिम महत्वपूर्ण रहेको भन्दै तालिममा सिकेका सिपलाई व्यवहारमा कार्यान्वयन गर्न आग्रह गरिन् ।

महिलाहरुको सिपमूलक तालिम कार्यक्रम सञ्चालक समितिका अध्यक्ष सावित्रा गैरेले आगामी दिनमा महिलाहरूलाई आयआर्जनको माध्यमबाट आत्मनिर्भर हुने खालका कार्यक्रम सञ्चालन गर्ने भन्दै तालिमको औचित्य पुरा गर्नका लागि सबै महिलाहरूलाई व्यवसायी बन्न आग्रह गरे । कार्यक्रममा सहभागिहरुको तर्फबाट हुमादेवि जिठी,ओमकला कुमाल,शोभा खनाल, विष्णु सुनार र सुकमाया श्रेष्ठले तालिममा सिकेका सिपले व्यवसायको माध्यमबाट आत्मनिर्भर बन्ने प्रतिबद्धता व्यक्त गरे ।

समितिका अध्यक्ष सावित्रा गैरेको अध्यक्षता र उपाध्यक्ष लक्ष्मी ढकालको स्वागत, सचिव इश्वरी खनालको धन्यवाद ज्ञापन र महिला बालबालिका शाखा प्रमुख पुजा परियारको सञ्चालनमा कार्यक्रम भएको थियो । १३ दिन सम्म चलेको तालिमको सहजीकरण सजना नकर्मी र कृपा नकर्मीले गरेका थिए ।

मनको आवाज............
'नाम पनि युनिक, काम पनि युनिक'
युनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई